# कलैया उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. २, कलैया,बारा, (नेपाल)

पत्र संख्या :- ०६६/०७८
चलानी नम्बर :- 2268

मिति :-२०७७/१०/०८

**विषयः– बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।**

**श्री वडा समितिको कार्यालय सबै,**
**कलैया उपमहानगरपालिका,बारा ।**

प्रस्तुत विषयमा बैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यमी गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेक उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्येश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फारम भरी तपसिलमा उल्लेखित कागजात सहित मिति २०७७/१०/१९ गते भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन सूचित गरिन्छ ।आवेदन फारम र सो सम्बन्धी कार्यविधि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वेवसाइट www.moless.gov.np तथा kalaiyamun.gov.np बाट download गर्न सकिनेछ । थप जानकारीको लागि kalaiyamun.gov.np अथवा www.moless.gov.np मा हेर्नुहुन वा यस उप.म.न.पा को रोजगार शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यता | अनुसूची फारम २ साथ संलग्न गनुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने ) |
|---|---|
| १. नेपाली नागरिक,<br>२. श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३. विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्नै । | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानी प्रतिलिपि,<br>४.व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. आ.व. ०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>७. यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

बोधार्थ :-
श्री सूचना प्रविधि शाखा :- Website मा upload गरिदिनु हुन ।

**प्रहलाद प्रसाद वर्णवाल**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत